आज मिति २०७४ साल फाल्गुन ४ गतेका दिन मेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्यूको अध्यक्षतामा दोस्रो नगर परिषद तयारीका लागि तपसिलको उपस्थितिमा बैठक बसी निम्न निर्णय गरीयो

उपस्थिति

| | | |
|---|---|---|
| १. श्री | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख |
| २. श्री | भावना भण्डारी | नगर उप प्रमुख |
| ३. श्री | विमला वस्नेत | वडा नं. १ का. वा. अध्यक्ष |
| ४. श्री | काली वहादुर वली | वडा नं. २ अध्यक्ष |
| ५. श्री | लिला वहादुर शाह | वडा नं. ३ अध्यक्ष |
| ६. श्री | खम्ब जंग शाहु | वडा नं ४ अध्यक्ष |
| ७. श्री | श्यामलाल जैसी | वडा नं ५ अध्यक्ष |
| ८. श्री | शसीराम बुढा | वडा नं ६ अध्यक्ष |
| ९ श्री | चन्द्र वहादुर शाही | वडा नं ७. अध्यक्ष |
| १०. श्री | कर्ण वहादुर कार्की | वडा नं ८ अध्यक्ष |
| ११. श्री | ध्रुव प्रसाद पौडेल | वडा नं ९ अध्यक्ष |
| १२ श्री | डकेन्द्र वहादुर राना | वडा नं १० अध्यक्ष |
| १३ श्री | लक्ष्मी प्रसाद जैसी | वडा नं ११ अध्यक्ष |
| १४ श्री | तिल वहादुर भंडारी | वडा नं १२ अध्यक्ष |
| १५ श्री | गोपाल वहादुर वटाला | वडा नं १३ अध्यक्ष |
| १६ श्री | पार्वती वि. क. | नगर कार्यपालिका सदस्य |
| १७. श्री | मनकला नेपाली | " — |
| १८ श्री | विन्दु शाही | " — |
| १९ श्री | सुजना वि.क. | " — |
| २० श्री | वीर वहादुर वि.क. | " — |
| २१ श्री | मईकला डाँगी | " — |
| २२ श्री | रीति वि.क. | " — |
| २३ श्री | मिना पुन | " — |
| २४ श्री | राम प्रसाद शर्मा | सदस्य सचिव |
| २५ श्री | तुलाराम गिरी | ना.सु. |
| २६. श्री | नवराज शर्मा | इ. जे.प्रा. |
| २७. श्री | लिल व. घर्ती | कार्यक्रम अधिकृत |
| २८ श्री | उमा वि.क. | लेखापाल |

**निर्णय नं. १:** गत प्रथम नगर परिषदवाट प्रस्तावित तथा अनुमोदित विभिन्न प्राविधिक कारणले संचालन हुन नसकेका उल्लेखित कार्यक्रम तथा बजेट संशोधनका लागि नगरसभामा पेश गर्ने ।

**तपशिल**

कार्यक्रम तथा बजेटको संशोधित विवरण

| प्रथम नगरसभाबाट छनौट भएको योजनाको विवरण | | | दोश्रो नगरसभाबाट योजनाको नाम परिवर्तन तथा रकमान्तर | | |
|---|---|---|---|---|---|
| **योजनाको नाम** | **ठेगाना वडा नं.** | **रकम** | **योजनाको नाम** | **ठेगाना वडा नं.** | **रकम** |
| साधेखोला महतारागाउँ कार्कीगाउँ चापाटा धाईरा खा.पा. मर्मत | ११ | ६००००० | पुरानो नै कायम | ११ | २००००० |
| | | | | | ४००००० |
| शिवशंकर मा.वि.को वाल र जालि निर्माण | ११ | ३००००० | शिव शंकर मा.वि.फिल्ड निर्माण | ११ | ३००००० |
| बरनदेउ लापुडाँडा महतरागाउँ कार्कीगाउँ खा.पा. निर्माण | ११ | ४००००० | कालाढुंगा मुहान, कालाढुंगा महतारागाउँ दुर्गा नि.मा.वि.सम्म खा.पा. निर्माण | ११ | ४००००० |
| खोदाखोला फेरा तल्लो विराले खा.पा. निर्माण | १० | ५००००० | फेरा बाल्लेतरा दमाहबगर दह सम्म सडक निर्माण | १० | ४००००० |
| | | | तल्लो विराले पम्प खा.पा. निर्माण | १० | १००००० |
| झारकटेरी ट्रस वृज निर्माण | ६ | ५००००० | झारकटेरी सल्याब वृज निर्माण | ६ | ५००००० |
| दलित र अन्य १/१ जनालाई टि.एस.ई. छात्रवृत्ति | ६ | १३२००० | नौमुली साहुपाखा खा.पा.निर्माण | ६ | बचत भएको |
| कुएन राम्रीखोला डाँडाखेत वडाऔल खानेपानी योजना | ६ | ५००००० | कुएन राँङखोला बडाऔल खानेपानी योजना | ६ | ५००००० |
| जम्मुखोला देखि टाटा हुँदै जमटाकुरा पक्की पोखरी निर्माण | ८ | ३००००० | जम्मुखोला देखि टाटा हुँदै जमटाकुरा खानेपानी निर्माण | ८ | ३००००० |
| जनविकास आधारभूत विद्यालय फर्निचर निर्माण | ८ | ५००००० | जनविकास आधारभूत विद्यालय फर्निचर तथा घेराबार निर्माण | ८ | ५००००० |
| ज्ञानकुज प्रा.वि.फिल्ड र तारजालि निर्माण | ८ | २००००० | आटा देखि ज्ञानकुन्जसम्मको कृषि सडक र फिल्ड निर्माण | ८ | २००००० |
| खारिखोला देखि गैरीचौरसम्म सिंचाई कुलो निर्माण | ८ | १००००० | पल्लो छहरी देखि नावासम्म खानेपानी निर्माण | ८ | १००००० |
| मष्ट आधारभूत विद्यालय.फर्निचर निर्माण | ८ | ३००००० | मष्ट नि.मा. विद्यालय.फर्निचर निर्माण | ८ | १५०००० |
| | | | मष्ट नि.मा. विद्यालय खानेपानी म्याचिङ्ग | ८ | १५०००० |
| राधाकृष्ण मन्दिर निर्माण | ४ | २००००० | गैरीखाली देखि सालधारी घो.बा. निर्माण | ४ | २००००० |
| फुलबारी मुल रोड देखि तल्लो थाप्ले सम्म सडक निर्माण (सम्झौता हुन नसकेको) | ४ | १२००००० | डोल्पा सडकको बाईसेगाडे देखि भेलाले सडक निर्माण | ४ | १०००००० |
| | | | शत्रुधन भडेलको घर देखि गैरीखाली सम्म बाटो निर्माण | ४ | २००००० |
| बुद्धबुद्धि पातिहाल्न गौरीखर्क खा.पा. निर्माण | १ | ७००००० | कालागौडा गैरीखर्क खा.पा. निर्माण | १ | ७००००० |
| वडा नं.७ वडा कार्यालय भवन निर्माण | ७ | ३०००००० | मेलटाकुरी देखि रुपाकोट सम्म सडक निर्माण | ७ | २५००००० |
| | | | सरस्वती मा.वि. भवन मर्मत | ७ | ५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाल पत्रकार महासंघको आवश्यक सामग्री खरिद | खलंगा | २५०००० | नेपाल पत्रकार महासंघको भौतिक पूर्वाधार क्षमता विस्तार | खलंगा | २५०००० |
| पैयापानी राउत खोरिया तिमिले सडक | २ | १४००००० | साङ्टा–तिमिले–किटेनी सडक निर्माण | २ | १४००००० |
| कुल २१ गोटा योजना | | | | | |

**निर्णय नं. २:** हाल नगर कार्यपालिकाको प्राविधिक कार्यचापलाई विश्लेषण गर्दा हाल कायम रहेका दरवन्दीहरुलाई यथावत कायम राखि १ (एक) गोटा सब–ईन्जिनियर थप दरवन्दी श्रृजना गरी स्वीकृत गर्ने र सो दरवन्दीमा हाललाई करार जनशक्ति लिई कामकाज लगाउने प्रस्ताव निर्णयार्थ नगरसभामा पेश गर्ने।

**निर्णय नं. ३:** नगर कार्यपालिकाका सवै पदाधिकारीहरुको पहिचान एकिन गर्ने उद्देश्यले पोशाकमा एकरुपता (महिला र पुरुषको हकमा लैगिक एकरुपता ) कायम गर्ने र त्यस्तो पोशाकको एकरुपता पदाधिकारीहरुको आपसी सल्लाहा र सहमतिमा हुनेगरी, पोशाक भत्ता वापत वार्षिक प्रतिव्यक्ति रु १००००। (अक्षरुपी दश हजार) का दरले बजेट विनियोजन गर्ने र सोही अनुसार प्रति व्यक्ति सुविधा प्रदान गर्ने । साथै यस निर्णयको मर्म अनुसार नगर कार्यपालिकाका सवै पदाधिकारीहरुले कार्यालय समयावधी र सार्वजनिक कार्यक्रममा उल्लेखित पोशाक अनिवार्य रुपमा लगाउनु पर्ने प्रस्तावलाई निर्णयार्थ नगरसभामा पेश गर्ने ।

**निर्णय नं.४:** स्थानीय विकास कोष (LDF) बाट साविक गा.वि.स. रहदा गा.वि.स.को सामाजिक परिचालनको आन्तरिकिकरणको दरवन्दिमा आई हालसम्म कामकाज गर्दै आएका सामाजिक परिचालकहरुलाई नगरपालिकाको कार्यचाप र नगरपालिकाको रिक्त दरवन्दिको अवस्थालाई विश्लेषण गर्दा हाल नगरपालिकामा कायम रहेका रिक्त (सहायक स्तर चौथो तहको) दरबन्दिमा दरवन्दि नह मिलान हुनेगरि दरवन्दि मिलान गर्ने र निजहरुलाई अस्थायी रुपमा नगरपालिकाको निरन्तर काम काजमा लगाउने प्रस्ताव निर्णयार्थ नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ५:** हिउँदे नगर सभामा कार्यालय समय बाहेक दिन–रात खटटिएर कुशलता पुर्वक कार्यसम्पादनमा सक्रिय भै नगरसभा सम्पन्न गर्ने तपशिलमा उल्लेखित कर्मचारीहरुलाई उल्लेख भए वमोजिमको थप सुविधा प्रदान गर्ने प्रस्ताव निर्णयार्थ नगरसभामा पेश गर्ने ।

तपशिल

| सि.न. | पद | नाम | दिन | दर |
|---|---|---|---|---|
| १ | प्रमुख प्रसासकिय अधिकृत | राम प्रसाद शर्मा | | ३०५०० |
| २ | का.अ. | दल बहादुर घर्ती | | ३०५०० |
| ३ | कृषि प्रसार अधिकृत | मुकेश रामजाली | | ७ दिनको काज |
| ४ | इन्जिनियर | नबराज शर्मा | | ३०५०० |
| ५ | सि.अ.हे.व | विरन्द्र कुमार शर्मा | | ७ दिनको काज |
| ६ | लेखापाल | डम्वर बहादुर विष्ट | | २३५०० |
| ७ | नायब सुब्बा | तुलाराम गिरी | | २३५०० |
| ८ | नायब सुब्बा | उर्मिला शाह | | २३५०० |
| ९ | नायब सुब्बा | राजेन्द्र विवश पुन | | २३५०० |

| | | | | |
|---|---|---|---|---|
| १० | ओभरसियर | मायाराम शर्मा | | २३५०० |
| ११ | ओभरसियर | पवन खत्री | | २३५०० |
| १२ | खरिदार | केदार बहादुर कार्की | | २२१७० |
| १३ | अमिन | केशवराज पुन | | २२१७० |
| १४ | सव ओ.सी. | विष्णु रोकाय | | २२१७० |
| १५ | सव ओ.सी. | धन बहादुर थापा | | २२१७० |
| १६ | सव ओ.सी. | देव बहादुर घर्ती | | २२१७० |
| १७ | नायब सुब्बा | सनत दवाडी | | ११७०० |
| १८ | खरिदार | भरत कुमार शर्मा | | ११००० |
| १९ | सा.प. | सर्मिला घर्ती | | २२१७० |
| २० | सा.प. | सिर्जना चौधरी | | २२१७० |
| २१ | सा.प. | रमेश जंग शाह | | २२१७० |
| २२ | खरिदार | उपेन्द्रजंग शाह | | ११००० |
| २३ | खरिदार | हरि प्रसाद पौडेल | | ११००० |
| २४ | खरिदार | मोतिराम भण्डारी | | ११००० |
| २५ | खरिदार | विरेन्द्रशिल घर्ती | | ११००० |
| २६ | खरिदार | महेन्द्र वस्नेत | | ११००० |
| २७ | खरिदार | महेन्द्र पुन | | ११००० |
| २८ | खरिदार | विद्या शाह | | ११००० |
| २९ | सा.प. | डिला शाही | | ७ दिनको काज |
| ३० | ना.प्रा.स. | मिना वली | | ७ दिनको काज |
| ३१ | स.म.नि. | अनुपमा दिवेदी | | ७ दिनको काज |
| ३२ | ना.प्रा.स. | वसन्ती नेपाली | | ७ दिनको काज |
| ३३ | का.स. | रुद्र बहादुर शाही | | १६८३० |
| ३४ | का.स. | भरत नेपाली | | ७ दिनको काज |
| ३५ | का.स. | विमला शाही | | १६८३० |
| ३६ | का.स. | राम बहादुर नेपाली | | ५००० |
| ३७ | का.स. | गणेश प्रसाद शर्मा | | १६८३० |
| ३८ | का.स. | सुदिप के.सी. | | १६८३० |
| ३९ | का.स. | गोपाल महतारा | | १६८३० |
| ४० | का.स. | डिलाराम पुन | | १६८३० |
| | कुल जम्मा | | | ६१५५४० |

**निर्णय नं. ६:** नगरपालिकाका हाल १३ वटा वडा मध्ये वडा नं. ७ मा बाहेक १२ वटा वडामा कार्यालय सहयोगि उपलब्ध नहुँदा अध्यक्ष र वडा कार्यालयको कार्य सम्पादनमा ठूलो कठिनाई रहेको छ । तसर्थ : अर्को व्यवस्था वा निर्देशन भएमा स्वत: कायम नरहने गरि हाललाई नगरपालिका चालु अनुदानवाट त.भ. उपलब्ध गराउनेगरी हाल स्थानीय शासन संचालन ऐन, २०७४ व्यवस्था वमोजिम सेवा प्रतिस्पर्धाको आधारमा कार्यालय सहयोगी रिक्त रहेका वडामा सेवा करारमा भर्ना लिने प्रस्ताव निर्णयार्थ नगरसभामा पेश गर्ने ।

निर्णय नं. ७. यस नगरपालिकाका तपशिलका पदमा कार्यरत प्राविधिक कर्मचारीले मिति २०७४/४/१ देखि लागु हुनेगरी निम्नानुसारको फिल्ड भत्ताको सुविधा कायम गरीपाउँ पेश गरको निवेदन निर्णयार्थ नगरसभामा पेश गर्ने ।

| क्र.सं. | पद | हाल कायम गरिएको फिल्ड भत्ताको सुविधा |
|---|---|---|
| १. | ईन्जिनियर | १२०००। (बाह् हजार रुपैया मात्र) |
| २ | सब्ईन्जिनियर | १००००।(दश हजार रुपैया मात्र) |
| ३ | असिटेन्ट सब्ईन्जिनियर | ८०००। (आठ हजार रुपैया मात्र) |
| ४ | अमिन | ८००० (आठ हजार रुपैंया मात्र) |

निर्णय नं ८. विभिन्न प्राविधक कारण गत प्रथम नगर सभावाट बजेट विनियोजन हुन नसकेका क्षेत्रहरु नगर कृषि,नगर पशु पंक्षी विकास र नगर स्वास्थ्य विकास र प्रवर्द्धन (स्वास्थ्यको हकमा सशर्त अनुदान बाहेक) का क्षेत्रमा यस नगर सभावाट पारित एवं अनुमोदन हुनेगरी उल्लेखित क्षेत्रका सम्वन्धित शाखाबाट पेश भै आएका बजेट तथा कार्यक्रमहरुमा नगर कार्यपालिकाले विनियोजन गरी खर्च संचालनको अनुमति दिएको नगर कृषि विकास तर्फ विनियोजित रु १ करोड ३५ लाख , नगर पशु पंक्षी विकास तर्फ ६१ लाख ३२ हजार र नगर स्वास्थ्य सेवा प्रवर्द्धन तर्फ ४९ लाख बजेट नगरसभावाट पारित गर्न नगर सभामा पेश गर्ने र उक्त कार्यक्रमहरु सम्वन्धित शाखाको सिफारिश मार्फत सँचालन गर्ने ।

निर्णय नं. ९) नगरपालिकाका वडा कार्यालयहरु सँचालन गर्नकालागि कार्यालय सँचालन र भईपरी आउने खर्च शिर्षकबाट मासिक रुपमा रु १० हजारका दरले खर्च गर्न दिने ।

निर्णय नं.१०) नगर प्रमुख समक्ष माग भै पेश हुन आएका तपशिलमा उल्लेखित फुटकर योजनाहरु नगरपालिकाको प्रशासनिक बजे शिर्षकवाट खर्च हुन नसकि बाँकि हुन आउने वजेट शिर्षक वा समपुरक कोषबाट खर्च लेख्ने गरी कार्यन्वयन गर्ने ।

- सिर्जनाशिल स्वास्थ्य आमा समुहको २ कोठे भवन निर्माण वडा नं. ५, साल्टाकुरा बजेट रु ३ लाख,
- भेरेखर्क खा.पा. मर्मत वडा नं. ६, भेरेखर्क बजेट रु ३ लाख,
- वडा नं.४ को कारागार हाई वे खण्डको सडक विस्तार गर्दा क्षती भएको मन्दिर प्रतिक्षालय पछाडि घेरावार निर्माण बजेट रु २ लाख,
- तल्लोधारा स्याखेत खानेपानी मुहान संरक्षणकोलागि घेरावार तथा टंकी निर्माण वडा नं.५ छिप्रेना बजेट रु ७ लाख
- रेडक्रस भवन मर्मत वडा नं. २, डिंगा बजेट रु ४ लाख
- पुरानागाउँ पक्की पोखरी निर्माण वडा नं. ५ , अपुग थप बजेट रु १ लाख
- काफलीगार पौरी खा.पा. मर्मत वडा नं. ९, बजेट रु ६ लाख,
- विश्व प्रा.वि.राताचौरको फिल्ड निर्माण तथा घेरावार निर्माण वडा नं. १२, बजेट रु ३५० हजार
- चिसीमुल देखि महतारागाउँ जाने बाटो वडा नं ११, बजेट रु ५ लाख
- भेरी नगरपालिकाको नगर सडक गुरु योजना निर्माण रु १४ लाख,
- नगर वडाहरुको प्रोफायल छपाई रु ३ लाख,
- भेरी नगरपालिकाको ऐतिहासिक,धार्मिक तथा पर्यटकिय प्रवर्द्धनात्मक कार्यमा रु ८ लाख,
- अनलाइन क्षमता अभिवृदि रु ३ लाख,
- विजय मा.वि. छिप्रेनाको ढोका पल्ला निर्माण भेनपा-५, बजेट रु २ लाख
- होम स्टे तालिम तथा र्‍याफ्टिंग सँचालन रु २ लाख १० हजार रुपैया
- विभिन्न राष्ट्रीय महत्वका सार्वजनिक समारोह तथा सँचार क्षेत्र प्रवर्द्धन कार्यक्रम सँचालन रु ५ लाख
- महिला तथा बालबालिका क्षेत्र प्रवर्द्धन तथा विशेष स्वास्थ्य शिविर कार्यक्रम १२ लाख